"राजविराज शहर, समृद्ध-हरित नगर"

# राजविराज नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

राजविराज, सप्तरी

प्रदेश नं. २, नेपाल

पत्र संख्या : २०७७/०७८

चलानी नम्बर :

मितिः २०७७/०४/०६

सूचना ! सूचना !! सूचना !!!

### न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने वारे सूचना ।

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम ७, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ तथा नेपाल सरकार (मन्त्रीपरिषद) को तत्कालीन राहत सम्बन्धी मिति २०७७/०१/१४ को निर्णय समेतको आधारमा आगामी आर्थिक वर्ष २०७७।७८ मा यस राजविराज नगरपालिका मातहत रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न हुन चाहने इच्छुक बेरोजगार व्यक्तिहरुले मिति २०७७ श्रावण ८ गते देखी २०७७ भाद्र ७ गते सम्म आफू स्थायी बसोबास गरेको वडाको वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा यस नगरपालिकाको वेवसाइट www.rajbirajmun.gov.np साथै सम्बन्धित वडा कार्यालयमा प्राप्त गर्न सकिने छ । निवेदनको साथमा निवेदकको १ (एक) प्रति पासपोर्ट साईजको फोटो साथै निवेदक र परिवारका सम्पूर्ण सदस्यहरुको नागरिकता/जन्म दर्ताको फोटोकपि समेत संलग्न गर्नु पर्ने छ ।

मदन कुमार थापा
प्रमुख प्र.अधिकृत

सुशासन, पारदर्शिता, जवाफदेहिता र हाम्रो प्रतिबद्धता
फो.नं.: ०३१ ५२०७०३, ५२००३७, ५२०६४३, फयाक्स: ०३१५२०९९६
email: rajbirajmunsaptari@gmail.com; ito.rajbirajmun@gmail.com
website: www.rajbirajmun.gov.np